मिति २०८०।०९।१३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।०९।१३ गते।

बैठक बसेको समयः दिउँसो २.०० बजे।

उपस्थिति

| क.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |

Scanned with CamScanner

मिति २०८०।०९।१३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | [signature] |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | [signature] |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | [signature] |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | तारा |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | कमल |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | [signature] |
| श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | [signature] |
| अन्य उपस्थितिः | | | |
| श्री युवराज काफ्ले, शिक्षा अधिकृत | | | |
| श्री बिमलराज कांफ्ले, लेखा सहायक | | | |
| श्री प्रेमबहादुर लुङ्गेली, जिन्सी शाखा | | | |
| श्री विनिता लामा, सूचना प्रविधि अधिकृत | | | [signature] |
| श्री चन्द्रिका थापा | | गा. स. | चन्द्रिका |

मिति २०८०।०९।१३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|

<u>प्रस्तावहरुः</u>

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | बजेट संशोधन सम्वन्धमा । | सबै |
| २. | गत आ.व.को दायित्व भुक्तानी सम्बन्धमा । | |
| ३. | एम्बुलेन्स सञ्चालन कोष सम्बन्धमा । | |
| ४. | एम्बुलेन्स सञ्चालन निर्देशिका सम्वन्धमा । | |
| ५. | मिति २०८०/०८/२५ को कार्यपालिकाको निर्णय शिक्षक काज सम्वन्धमा । | |
| ६. | लेखा समितिको प्रतिवेदन सम्वन्धमा । | |
| ७. | योजना तथा कार्यक्रममा भएका सम्पूर्ण खर्च अनुमोदन सम्वन्धमा । | |
| ८. | वडा नं. २ को वडा कार्यालय निर्माणको भेरियसन सम्वन्धमा । | |
| ९. | घर नक्साको अभिलेख राख्ने सम्वन्धमा । | |
| १०. | प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्वन्धमा। | |
| ११. | आर्थिक ऐन संशोधन गर्ने सम्वन्धमा। | |
| १२. | खेलकुद प्रतियोगिता सञ्चालन गर्ने युवा क्लवलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा। | |
| १३. | कृषि यान्त्रीकरण अनुदान वितरण सम्बन्धी कार्यविधि २०८० सम्वन्धमा। | |
| १४. | जग्गा खरिद गर्ने सम्वन्धमा। | |
| १५. | विविध । | |

<u>निर्णय नं.</u> (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा यस आ.व. २०८०/०८१ को वार्षिक विनियोजित बजेटमा यस गाउँपालिका, विषयगत शाखाबाट भएको संशोधन तथा वडाबाट थप गरिएका योजना तथा कार्यक्रम सहितको वजेट संशोधन स्वीकृत तथा अनुमोदनका लागि गाउँ सभाको अधिवेशनमा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

Scanned with CamScanner

प्रस्ताव नं. (२) माथि छलफल गर्दा गत आ.व. २०७९/८० मा कार्य सम्पन्न भई बजेट अभाव तथा कार्य सम्पन्न भइनसकेको कारण भुक्तानी हुन बाँकी रहेका र यस आ.व. को लागि दायित्व सारिएका तपसिलका कार्यक्रमहरुको भुक्तानी स्वीकृत तथा अनुमोदनको लागि गांउँ सभामा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>निर्णय नं.</u> (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा एम्बुलेन्स सेवा सञ्चालनलाई प्रभावकारी बनाउन एम्बुलेन्स सञ्चालन निर्देशिका सर्वसम्मतिले पारित गरियो ।

<u>निर्णय नं.</u> (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा एम्बुलेन्स सञ्चालनलाई व्यवस्थित गर्न एम्बुलेन्स सञ्चालन निर्देशिका २०८० मा व्यवस्था भए बमोजिम यस गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कोष स्थापना गरी गाउँपालिकाद्धारा रु.२,००,००० विनियोजन गरी उक्त कोषमा राखे निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>निर्णय नं.</u> (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा मिति २०८०/०८/२५ को कार्यपालिका भित्र विभिन्न विद्यालयमा कार्यरत शिक्षकहरुको काज सरुवा सम्बन्धमा, उक्त निर्णयमा सरुवा भएका श्री पाटनदेवी मा.वि.का शिक्षक शुक्र बहादुर घलानले गाउँकार्यपालिका समेतलाई विपक्षी तुल्याई श्री उच्च अदालत पाटनमा उत्प्रेषण युक्त परमादेश (रिट नं. ०८०-WO-0845) दायर गरी उक्त मुद्दा विचाराधिन अवस्थामा रहेको हुँदा नीज शुक्र बहादुर घलानको हकमा उक्त निर्णय कार्यान्वयन नगरी यथा स्थितिमा राख्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>निर्णय नं.</u> (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा विभिन्न आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा कायम भएको वेरुजु नियमित तथा फर्छ्यौटको लागि गठित लेखा समितिले तयार गरी गाउँपालिकामा पेश गरेको प्रतिवेदन गाउँसभामा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>निर्णय नं.</u> (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा यस आ.व. २०८०/८१ मा भएका सम्पूर्ण योजना तथा कार्यक्रममा हालसम्म भएका सम्पूर्ण खर्च अनुमोदन गरी सर्वसम्मतिले पारित गरियो ।

Scanned with CamScanner

मिति २०८०।०९।१३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

निर्णय नं. (८)

प्रस्ताव नं. (८) माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं २ मा निर्माणाधिन वडा कार्यलय भवन प्रशतावित भन्दा फरक स्थानमा निर्माण गर्नु परेको तथा भेरियसन गर्नै पर्ने देखिएकोले प्राविधिक स्टमेट बमोजिम भेरियसन स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. (९)

प्रस्ताव नं. (९) माथि छलफल गर्दा यस यस गाउँपालिकामा निर्मित घर नक्साको अभिलेख राखी प्राविधिक प्रतिवेदन बमोजिम प्रमाणपत्र वितरण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. (१०)

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ को लागि वडा नं ८ बाट गहतेफेदी मसानघाट गोरेटो बाटो, ठाडो खोला मोटरबाटो ड्रेन, खिर्रा भञ्याङ महभिर सडक स्तर उन्नती तथा सार्वजनिक सौचालय जाली भर्ने ५७६०००।- मा कार्य सम्पन्न गर्ने गरी योजना छनोट गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. (११)

प्रस्ताव नं. (११) माथि छलफल गर्दा यस आ.व. २०८०/०८१ को लागि राजश्व परामर्श समितिको निर्धारण गरेको अनुसुची ७ बमोजिमको जडिबुटी कवाडी र जीवजन्तु कर आर्थिक ऐनमा समावेश गर्न छुट भएकाले उक्त अनुसुची समावेश गरी आर्थिक ऐन संशोधन गर्ने निर्णयसहित स्वीकृत तथा अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. (१२)

प्रस्ताव नं. (१२) माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सञ्चालित देहायका युवा क्लबले वडास्तरीय भलिवल तथा फुटवल प्रतियोगिता आयोजना गरी खेल सम्पन्न गरिसकेको र खेल प्रतियोगिता सञ्चालनका क्रममा भएको खर्च व्यवस्थापनका लागि यस गाउँपालिका कार्यालयसँग आर्थिक सहयोग माग भई आएकोले तपसिलका युवा क्लबलाई प्रति युवा क्लब रु १००००० अक्षेरेपी एक लाख रुपैया मात्र का दरले कुल तीन लाख रुपैया चालु आ व २०८०।०८१ मा यस गाउँपालिकाको खेलकुद शाखातर्फ विनियोजित सि. नं. २२२ बिभिन्न खेलकुद प्रतियोगितामा सहभागि तथा सहयोग कार्यक्रममा विनियोजित रकम रु ५०००००।- मध्येबाट आर्थिक सहयोग उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो।

तपसिलः

क. सुनौलो युवा क्लब बेलघारी तीनपाटन-१ रु १०००००।-

ख. चकमके युवा क्लब तीनपाटन-११ रु १०००००।-

Scanned with CamScanner

ग. बाहुन तिल्पुङ युवा मञ्च तीनपाटन-८ रु १०००००।-

निर्णय नं. (१३)

प्रस्ताव नं. (१३) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिबाट वितरण हुने औजार वितरणलाई व्यवस्थित गर्नको लागि कृषि यान्त्रीकरण अनुदान वितरण सम्वन्धी कार्यविधि २०८० सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. (१४)

प्रस्ताव नं. (१४) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका वडा नं २ मा निर्माणाधिन वडा कार्यालय सोही वडा निवासी पदम बहादुर कामीको नाममा मालपोत कार्यालयमा दर्ता कायम रहेको पाटनदेवी ३-ख कित्ता नं १५३ क्षेत्रफल ०-०-१५-० रहेको जग्गा आधारभूत स्वास्थ्य केन्द्र भिमस्थानको कम्पाउन्डभित्र परेकोले यस गाउँपालिकाको कार्यालयले प्राप्त गर्नै पर्ने भएकोले उक्त जग्गा निज जग्गाधनीसँग गा पा को आन्तरिक श्रोतबाट खरिद गरी यस गाउँपालिकाको नाममा नियमानुसार दा खा गर्नको लागि प्रकृया अघाडी वडाउने निर्णय सर्वसम्मतिले पारित गरियो। साथै निज जग्गाधनी लाई भुक्तानी गर्न पर्ने बाँकी रकम रु १२०००।- भुक्तानी गर्न निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

विविधः

क. विविध विषयमा छलफल गर्दा वडा नं ५ लाई बालमैत्री वडा घोषणा गर्दा अपुग भएको रकम रु ६१०००।- मात्र र वडा नं १० बालमैत्री वडा घोषणा गर्दा अपुग भएको रु ३००००।- मात्र भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो। साथै आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्दा अधिक्तम रु २५००००।- मात्र को सिमाभित्र रही कार्यक्रम सम्पन्न गर्ने गरी सबै वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्वस्मत पारित गरियो।

ख. विविध विषयमा छलफल गर्दा नेपाल मगर संघले यस गाउँपालिकासँग आर्थिक सहयोग माग गरेकोले रु २००००।- मात्र भुक्तानी गर्ने निर्णय गरियो।

ग. विविध विषयमा छलफल गर्दा वडा नं २ को सहायक कम्प्युटरअपरेटर शुभद्रा खत्री लाई भवानी मा वि भवमस्थान र वडा नं ३ को कम्प्युटर अपरेटर ईन्द्र कुमारी थापालाई पाटनदेवी मा वि कोटगाउँमा काज सरुवा गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

सिम
गंगा
१५।९।१३

Scanned with CamScanner